जिल्ला समन्वय समितिको कार्यालय
पाल्पा
२०७३

# जिल्ला समन्वय समितिको कार्यालय

## तानसेन,पाल्पा

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आ.व २०८२/०८३ को प्रथम त्रैमासिक समयावधि (२०८२ साउन १ गतेदेखि २०८२ असोज मसान्तसम्म ) मा सम्पादित कार्यहरुको विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

| | |
|---|---|
| क) निकायको स्वरुप र प्रकृति | नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरेको छ। जिल्ला समन्वय समिति पाल्पामा नौ सदस्यीय समिति रहेको जसमा प्रमुख, उप-प्रमुख र सात जना सदस्य रहेको छ जिल्ला समन्वय समितिको कार्यालय, पाल्पा अन्तर्गत जिल्ला समन्वय अधिकारी सहित १२ जनाको दरबन्दी रहेको छ । |
| ख) निकायको काम, कर्तव्य र अधिकार | - जिल्ला स्थित संघ र प्रदेश सरकारी कार्यालय, गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने ।<br>- जिल्ला भित्र सञ्चालित संघ, प्रदेश, स्थानीय तह, गै.स.स तथा दातृ संस्था वा साझेदारीमा सञ्चालित योजना तथा विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको नियमित रुपमा अनुगमन एवं सुपरीवेक्षण गर्ने गराउने वा सोको प्रवन्ध मिलाउने । |
| ग) निकायमा रहने कर्मचारी संख्या र विवरण | जिल्ला समन्वय अधिकारी-१<br>शाखा अधिकृत-१<br>ईन्जिनियर- १<br>नायब सुब्बा-१<br>लेखापाल-१<br>सब-ईन्जिनियर- १ (रिक्त)<br>खरिदार-१<br>हलुका सवारी चालक-२(करार १ जना ,१पद रिक्त)<br>कार्यालय सहयोगी- ३(२ जना स्थायी ,१ जना करार) |
| घ) निकायबाट प्रदान गरिने सेवा | कार्यक्रमको स्वीकृति, समन्वय, अनुगमन, अनुगमनको लागि आवश्यक व्यवस्थापन गर्ने, |
| ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | — |
| च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | दस्तुर-निशुल्क, अवधि- तुरुन्त प्रक्रिया अघि बढाइने छ। |
| छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी | -सम्वन्धित शाखाबाट अवस्था अनुसार कारबाही सुरु भई जिल्ला समन्वय |

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
पाल्पा
२०७३

| | |
|---|---|
| | अधिकारीबाट निर्णय हुने ।<br>-अवस्था अनुसार जिल्ला समन्वय समितिको बैठक र जिल्ला समन्वय समितिका प्रमुखबाट निर्णय हुने । |
| ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी | -समन्वय प्रमुख (श्री टंकनाथ खनाल)<br>-जिल्ला समन्वय अधिकारी (श्री मुकुन्द शर्मा) |
| झ) सम्पादन गरेको कामको विवरण | -जिल्ला समन्वय समितिको मिति २०८२।०४।२५ मा बैठक बसी आवश्यक निर्णय गरिएको ।<br>- जिल्लाका सबै स्थानीय तहहरु र विभिन्न निकाय/कार्यालयहरुबाट पाल्पा जिल्लामा सञ्चालन भएका कार्यक्रमहरुको आ.व. २०८१/०८२ को वार्षिक प्रगति समीक्षा गोष्ठी होटल अन्नपूर्ण तानसेनको सभाहलमा २०८२।०४।२६,२७ र २८ गते तीन दिनमा सम्पन्न गरिएको ।<br>-जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा मिति २०८२/०४/१५ गते जिल्लाका राजनितिक दलहरुको उपस्थितिमा प्रभास तालको व्यवस्थापन लगायतको विषयमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको।<br>-पाल्पा जिल्ला अन्तर्गत संघ, प्रदेश र स्थानीय तहहरु बाट संचालित आयोजना कार्यक्रमहरुको विभिन्न मितिमा समन्वय प्रमुख, समन्वय अधिकारी, कर्मचारी बाट अनुगमन सम्बन्धि कार्य भएको ।<br>-संघ र प्रदेशबाट स्थानीय तह र अन्य कार्यालयहरुलाई समन्वय गर्ने सम्बन्धमा लेखिआएका विषयमा समन्वय गर्ने कार्य गरिएको । |
| ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद | प्रमुख : जिल्ला समन्वय अधिकारी श्री मुकुन्द शर्मा<br>सूचना अधिकारी : शाखा अधिकृत श्री भावना पोखरेल |
| ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | - स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>-जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्वन्धी ऐन, २०७५<br>-स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६<br>- जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि- २०७९<br>- जिल्ला सभा तथा जिल्ला समन्वय समिति बैठक सञ्चालन सम्बन्धी कार्यविधि - २०७५ |
| ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | आ.व २०८२।०८३ को असोज मसान्तसम्मको विनियोजित बजेट तथा खर्चको विवरण :<br>बजेट शिर्षक नं. ३६५००१०५३ जिल्ला समन्वय समितिको कार्यालय (चालु)<br>विनियोजित बजेट: रु१७,३६२,०००.००।-<br>खर्च: रु३,३२९,४६८.३४।- |
| ड) तोकिए बमोजिमका अन्य विवरण | — |

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी